जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ७७ २०८० साल कात्तिक २ गते बिहीबार (19 Oct. 2023 Thursday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा :भाखा नाघेको कर्जा बुझाउने बारे .. ३ पृष्ठमा :भाखा नाघेको कर्जा बुझाउने बारे .. ३ पृष्ठमा :रामराजा प्रतिष्ठान...

# चुरे जोगाउन दलहरु उदासिन : पूर्वराष्ट्रपति डा. यादव

**दैनिक समाचारदाता**
**राजविराज १, कात्तिक ।**

पूर्वराष्ट्रपति डा. रामवरण यादवले मुलुकमा परिवर्तन आएपनि जनताको पक्षमा काम गर्नका लागि केही सुधारको अझै आवश्यकता रहेको बताएका छन् ।

बुधबार राजविराजमा आयोजित बरिष्ठ राजनीतिज्ञ एवं गणतान्त्रिक आन्दोलनका अग्रणी नेता खुशीलाल मण्डलको नागरिक अभिनन्दन समारोह कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले काँग्रेस, एमाले, माओवादी तथा मधेसवादी सबै दलहरु चुरे जोगाउन उदासिन रहेको बताउँदै अब पनि चुरेको संरक्षण नगरिए पानी बिना माछा झै हालत मानिसको हुने भन्दै चिन्ता ब्यक्त गरे । मधेस सुनको भूमि भएको बताउँदै प्रथम राष्ट्रपति यादवले पटक पटक आफुले चुरे भावर र जंगल क्षेत्र जोगाउन आग्रह गरिरहँदा पनि सरकार र दलहरु गम्भिर हुन नसकेकोमा खिन्नता प्रकट गरे ।



कार्यक्रममा प्रथम राष्ट्रपति यादवले २००७ सालदेखि ६२ को जनआन्दोलसम्मको सम्पूर्ण क्रान्तिमा वरिष्ठ राजनीतिकर्मी खुशीलाल मण्डलको सक्रिय योगदान रहेकोमा उनलाई आफुले नागरिक अभिनन्दन गर्न पाएकोमा खुशी ब्यक्त गरे । आम नेपालीमा सकारात्मक सोच आवश्यक भएको बताउँदै नेपाली राजनीतिको जिउँदो इतिहास मण्डल भएको चर्चासमेत गरे ।

कार्यक्रममा वरिष्ठ राजनीतिकर्मी मण्डलले मुलुकको आर्थिक मेरुदण्ड मधेस भएकोले मधेसको अस्मिता र सम्मान सबै पक्षबाट हुनुपर्नेमा जोड दिए । २००७ सालदेखि मुलुकमा भएको जुनसुकै परिवर्तनको आन्दोलनहरुमा मधेस र मधेसका राजनीतिकर्मीहरुको अहम भूमिका भएपनि अहिले काठमाण्डुबाट प्रकाशन हुने कतिपय पुस्तकहरुमा त्यसलाई गौण गरिएकोप्रति वरिष्ठ राजनीतिकर्मी मण्डलले दुख ब्यक्त गरे । सबै परिवर्तनका आन्दोलनहरुमा मधेस नै उर्वर भएको बताउँदै उनले २०७७ सालपछि मधेसबाट नै पहाडमा पनि चेतना फैलाउन काम भएको स्मरण सुनाए ।

तराई मधेशमा अहिले पनि दाइजो प्रथा कायमै रहेको, गर्नु पर्ने काममा खर्च नगर्ने तर, नगर्नु पर्ने काममा खर्च गर्ने प्रबृति बढ्दै गएको भन्दै उनले यस्ता कुराहरुमाथी पनि सुधारको आवश्यकता रहेको औंल्याए ।

कार्यक्रममा जनमत पार्टीका अध्यक्ष एवं सांसद सिके राउतले नेताहरु जन्माउने सप्तरी जिल्लामा आफ्नो जन्म भएकोमा गौरवान्वित भएको तर्ता गर्दै वरिष्ठ नेता मण्डलको नागरिक अभिनन्दनमा सहभागी हुन पाउँदा खुशी ब्यक्त गरे । आजको नागरिक अभिनन्दन सबैकोलागि प्रेरक भएको चर्चा गर्दै आफ्नो संसदीय कोषबाट सप्तरीको मंसापुरमा इतिहासलाई जिवन्त राख्ने नेताहरुको शालिक निर्माण गर्न लागेको जानकारी समेत अध्यक्ष राउतले कार्यक्रममा दिए ।

पूर्वसभामुख दमननाथ ढुंगानाले खुशीलाल मण्डल लोकतन्त्रको पक्षमा अटल योद्धाको रुपमा रहेको भन्दै प्रजातन्त्र प्राप्तिको आन्दोलन र उनको निष्ठा अनुकरणिय रहेको बताए ।

नागरिक समाज सप्तरी सिरहाका अध्यक्ष रामरिझन यादवको अध्यक्षतमा आयोजित कार्यक्रममा, पूर्वप्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव, सांसदहरु दिनेशकुमार यादव, नवलकिशोर साह, शेखरकुमार सिंह, मधेस प्रदेश सांसदहरु जितेन्द्र सोनल, ललिता विद्रोही तत्मा, जिल्ला विकास समितिका पूर्वसभापति बिरबल

*बाँकी अन्तिम पृष्ठमा*

# प्रदर्शनकारीले एम्बुलेन्सलाई फर्काउँदा उपचार नपाएर गयो बालकको ज्यान

**दैनिक समाचारदाता**
**राजविराज १, कात्तिक ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा बुधबार प्रदर्शनकारीहरुले गम्भिर बिरामी परेका एक बालकलाई लिन हिडेको एम्बुलेन्सलाई बीच बाटोबाटै फर्काउदा समयमा उपचार नपाएर बालकको ज्यान गएको छ ।

समयमा उपचार नपाएर वडा नं. ६ औरहीका १४ वर्षिय बालक गौतमकुमार साहको ज्यान गएको हो ।

मृतक बालकका बुबा रामकृष्णका अनुसार बुधबार बिहान ११ बजेतिर अचानक गौतम बिरामी परेका थिए । अवस्था गम्भिर देखिएपछि उपचारका लागि बाहिर लैजान उनले डाक्नेश्वरी नगरपालिकामा रहेको एम्बुलेन्स बोलाएका थिए । एम्बुलेन्स चालक रामजतन मुखियाँ तत्कालै बिरामी बालक लिन एम्बुलेन्स लिएर त्यसतर्फ जाँदा नगरपालिका कार्यालयबाट २ सय मिटर दुरीमा मात्र पुग्दा अचानक गाउँकै पोखरीको ठेक्का विवादलाई लिएर प्रदर्शनमा उत्रेका प्रदर्शनकारीहरुले एम्बुलेन्सलाई रोके ।

आफू बिरामी लिन हिडेको जति सम्झाउँदा बुझाउँदा पनि प्रदर्शनकारीले मानेनन्, चालक मुखियाले भने उल्टै म माथी

*बाँकी अन्तिम पृष्ठमा*

# पत्रकार साहमाथी हातपात गर्ने जनमतका कार्यकर्तालाई कारवाहीको माग

**दैनिक समाचारदाता**
**राजविराज १, कात्तिक ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा जनमत पार्टीका कार्यकर्ताले नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सदस्य एवं रेडियो नेपालका सम्वाददाता संजिब बिक्रम साहलाई हातपात गरेको घटनाप्रति नेपाल पत्रकार महासंघ सप्तरीको गम्भीर ध्यानाकृष्ट भएको छ ।

महासंघका सचिव रामनारायण विश्वासद्वारा जारि विज्ञप्तिमा डाक्नेश्वरी नगरपालिकामा बुधबार पोखरी ठेक्का सम्बन्धमा स्थानीयले गरिरहेको प्रदर्शनको रिपोर्टिङ गर्न गएका पत्रकार साहलाई जनमत पार्टीका स्थानीय कार्यकर्ताहरु

*बाँकी अन्तिम पृष्ठमा*

# "विटौरी" जग्गाको जग्गाधनीलाई यसै वर्षदेखि जग्गाधनीपुर्जा प्रदान गर्ने तयारी

**दैनिक समाचारदाता**
**राजविराज १, कात्तिक ।**

राजविराज नगरको ठूलै समस्याका रुपमा देखा परेको मुख्य बजार, मेनरोड र आसपासका ६८ विघा जग्गाको जग्गाधनीलाई यसै आर्थिक वर्षबाट जग्गाधनी पुर्जा प्रदान गर्ने कार्य सूरु गर्ने नगरसभाले निर्णय गरेको छ ।

बुधवार पहिलो पटक कार्यालय बाहिर नगरको मुटुमै रहेको भगवती मन्दिर पोखरी परिसरमा दशै, तिहार र छठको शुभकामना आदान प्रदान तथा सातौं नगरपरिषदले पारित गरेको आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम बारे जानकारी दिने उद्देश्यले आयोजना गरिएको पत्रकार सम्मेलनमा यस्तो जानकारी गराइएको हो ।




राजविराज नगरपालिकाले नयाँ तथा बनिसकेको भवनहरुको नक्शापास गर्दा अनिवार्य रुपमा भवनको बाहिरी भागमा गुलाबी शहरको अवधारणा पुरा गर्न गुलाबी रंग लगाउन तथा प्रत्येक घरमा कम्तीमा दुई वटा फूल सहितको गमला राख्नु पर्ने निर्णय गरेको छ ।

गुलाबी शहरले परिचित जयपुर कै नक्शाका आधारमा २००३ सालमा राजविराज नगर बसालिएको हो । गुलाबी सहरको झझल्को दिन नगरपालिकाले यस्तो निर्णय गरेको हो ।

कार्यक्रममा कार्यवाहक नगर प्रमुख इसरत परवीनले गुलाबी शहर जयपुरको नक्शाका आधारमा राजविराज नगर वसालिएकाले त्यसको झझल्को दिन र नगरलाई सुन्दरता प्रदान गर्न यस्तो प्रावधान लागु गर्ने निर्णय गरेका बताइन् ।

कार्यक्रममा नगरपालिकाका प्रवक्ता जयनारायण मण्डलले सातौं नगर सभाबाट पारित भएको २०८०/०८१ को नीति तथा कार्यक्रम सँगै १ अर्ब ११ करोड ४० लाख ७८ हजारको बजेट सर्वाजनिक गरे । संघिय सरकार, प्रदेश सरकार, आन्तरिक आम्दानी तथा विभिन्न दातृ निकाय र संघ संस्थाबाट उपलब्ध हुने आम्दानीका आधारमा सो रकमको बजेट तथा नीति र कार्यक्रम तय गरीएको प्रवक्ता मण्डलले बताए ।

प्रमुख प्रशासकिय अधिकृत विष्णु गुरुङ्गले आर्थिक वर्ष २०८०/०८१ का लागी तय गरिएको नीति तथा कार्यक्रममा स्वास्थ्य, शिक्षा, कृषि तथा सडकका लागी पर्याप्त बजेट विनियोजन गरिएको बताए । यस्तै हरेक चुनावका बेला चुनावी मुद्दा बन्ने गरेको नगरक्षेत्रका विटौरी जग्गा समस्याको समाधान गरिने भएको छ ।

यस्तै भगवती मन्दीर र नगरभित्र रहेका विभिन्न

*बाँकी अन्तिम पृष्ठमा*

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कल्याणपुरको २१ दिने सूचना

**मिति : २०८०/०७/०२**

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूलउपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि. शाखा कार्यालय कल्याणपुर**

| क.सं. | कर्जा ग्राहकको नाम थर | ठेगाना | मि.सं. | बाजे/ससुराको ना | पिता/पतिको नाम | उदेश्य | साँवा रकम रु. | मिति २०८०/०६/३० सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रक | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भण्डारी किराना पसल(प्रो.बेचन भण्डारी) | सुरुङगा न.पा. ८, मलहनमा | १००८ | सुव्वा लाल भण्डारी | देवीलाल भण्डारी | ब्यापार | 1,500,000.00 | 79,704.79 | 1,579,704.79 | हन्सा कुमारी मालीन | |
| २ | रहमुल मिया | सुरुङगा न.पा. ५, कुशहा | १०७२ | वौजन | फौदार मिया | घरायसी | 640,000.00 | 32,474.57 | 672,474.57 | | |
| ३ | ग्रिन बेली किचेन(प्रो.रोहनी कान्त चौधरी) | खडक न.पा.-८,विसनपुर,सप्तरी | २९१८ | सम्मत लाल चौधरी | मिश्री लाल चौधरी | ब्यापार | 2,300,000.00 | 84,505.99 | 2,384,505.99 | मिश्री लाल चौधरी | |
| ४ | नारायण राउत | शम्भुनाथ न.पा. २, डङराही | ३०८६ | ननिलाल राउत | रविलाल राउत | घरायसी | 550,000.00 | 27,168.00 | 577,168.00 | ललिता कुमारी पाल | भा.ना. |
| ५ | कमाल ईटा उधोग(मो.तफेजुल मिया) | कल्याणपुर ३,सप्तरी | ३६४० | कारि मिया | ईसमाईल मिया | ब्यापार | 2,500,000.00 | 113,025.35 | 2,613,025.35 | मो.जाउल हक | |
| ६ | न्यू राज ट्रेडर्स(प्रो.अशोक कुमार श्रेष्ठ) | खडक न.पा.-७,कल्याणपुर | ४०३५ | गंगा बहादुर श्रेष्ठ | चन्द्र बहादुर श्रेष्ठ | ब्यापार | 3,500,000.00 | 222,698.17 | 3,722,698.17 | चन्द्र बहादुर श्रेष्ठ | |
| ७ | मनोज मोबाईल रिपेयरिङ्ग सेन्टर(श्री मनोज कुमार चौधरी) | लहान न.पा. ७,सिरहा | ४०५३ | असर्फिलाल चौधरी | जगदिश प्रसाद चौधरी | ब्यापार | 770,000.00 | 21,196.57 | 791,196.57 | जगदिश प्रसाद चौधरी | |
| ८ | शिव नारायण चौधरी | सुरुङगा न.पा. ७, पोखरीया | ४२५२ | बौजु चौधरी | गालु चौधरी | कृषि | 200,000.00 | 11,067.78 | 211,067.78 | फुलो वती देवी थरुनी | |
| ९ | शिबु चौधरी | खडक न.पा. ५, खोजापुर | ४२९७ | | बिलट चौधरी | भैसी पालन | 450,000.00 | 20,033.33 | 470,033.33 | | |
| १० | नन्दी लाल चौधरी | शम्भुनाथ न.पा. ३, नरही | ४३४४ | धनिलाल चौधर्रा | रबिलाल चौधरी | घरायसी | 325,000.00 | 15,673.24 | 340,673.24 | | |
| ११ | भगनिया मिया | सुरुङगा न.पा. ११, भजखा | ४५३२ | हमानि मिया | ठिठर मिया | घरायसी | 110,000.00 | 9,160.00 | 119,160.00 | | भा.ना. |
| १२ | सरस्वती देबी चौधरी | शम्भुनाथ न.पा. ८, पोखरीया | ४६०९ | सबुर लाल चौधरी | चौठी लाल चौधरी | कृषि | 105,000.00 | 3,229.05 | 108,229.05 | | |
| १३ | सुगा देबी | शम्भुनाथ न.पा. ४, नरहिया | ४६८० | रक्सु घोघनिया चौधरी | कुन्जीलाल चौधरी | कृषि | 600,000.00 | 46,968.50 | 646,968.50 | | |
| १४ | धनश्वरी देवी यादब | सुरुङगा न.पा. १,सिसुवारी | ४७४१ | मुसहरु यादब | बडेलाल यादब | घरायसी | 700,000.00 | 28,541.55 | 728,541.55 | | |
| १५ | लालु चौधरी थारु | खडक न.पा. ६, चकवा | ४७५३ | रौदि मिया | उचित लाल | घरायसी | 2,000,000.00 | 137,985.17 | 2,137,985.17 | | |
| १६ | जयलाल चौधरी कलवार | खडक न.पा. ३, बनरझुला | ४७८४ | गोपाल | मुक्ती कलवार | घरायसी | 250,000.00 | 8,517.32 | 258,517.32 | | |
| १७ | सावीर खरिद विकी केन्द्र(प्रो. मो. ज्याउल) | सुरुङगा न.पा. ५, कुसहा | ४७९४ | माला बक्स | मो. मसुफ | ब्यपार | 2,200,000.00 | 95,855.75 | 2,295,855.75 | | |
| १८ | नारायण प्रसाद साह | सुरुङगा न.पा. १०, पटेर्वा | ५०९३ | सिताराम साह | नथर साह | घरायसी | 400,000.00 | 32,042.23 | 432,042.23 | | |
| १९ | माँ दुर्गा बहुउदेशीय पशुपंक्षी फर्म( | सुरुङगा न.पा. ३,लक्ष्मीपुर | ५१७० | बुची मण्डल | बौका मण्डल | कुखुरा पालन | 1,600,000.00 | 107,920.00 | 1,707,920.00 | | भा.ना. |
| २० | कन्त लाल मंडल | सुरुङगा न.पा. ७,बसनपटी | ५२१८ | मोतिलाल खंग | बिकु खंग | सरल कृषि | 500,000.00 | 18,118.85 | 518,118.85 | बिकु खंग | |
| २१ | न्यु चौधरी मदिरा पसल(गोपाल प्रसाद चौधरी) | शम्भुनाथ न.पा. ७, भंगाहा | ५३०४ | बंसीलाल चौधरी | फनीलाल चौधरी | सेवा कर्जा | 1,497,400.00 | 37,007.00 | 1,534,407.00 | | |
| २२ | ब्रेभ हर्ट एजुकेशन एकेडमी प्रा.लि.(प्रो.श्रवण कुमार चौधरी) | खडक न.पा. ५, पन्सेरा | ५३६९ | खुसी लाल चौधरी | सुखैर चौधरी | ब्यापार | 2,500,000.00 | 141,813.65 | 2,641,813.65 | सुखैर चौधरी | |
| २३ | नित्यानन्द चौधरी | खडक न.पा. ९, लालपटी | ५३८२ | प्रयाग चौधरी कलवार | भालु चौधरी | कृषि | 900,000.00 | 59,093.00 | 959,093.00 | | भा.ना. |
| २४ | शारदा बति देबी चौधरी | शम्भुनाथ न.पा. ५, मोहनपुर | ५४११ | सिवन चौधरी | महिनारायण चौधरी | घरायसी | 2,000,000.00 | 113,077.22 | 2,113,077.22 | सुखैर चौधरी | |
| २५ | निर्मल जल(प्रो. राज कुमार चौधरी) | खडक न.पा. ५, खरचुइया | ५४१६ | अजवलाल चौधरी | घन्सीराम चौधरी | उधोग कर्जा | 1,950,000.00 | 88,228.20 | 2,038,228.20 | निरमला कुमारी चौधरी | |
| २६ | बेष्ट बेटल जनरल सेन्टर(प्रो.सचिदानन्द झा) | सुरुङगा न.पा. ६,कुशहा | ५४५१ | जयकान्त झा | बुलन झा | ब्यापार | 3,000,000.00 | 57,066.23 | 3,057,066.23 | | |
| २७ | गणेश कुमार चौधरी | शम्भुनाथ ६, सप्तरी | ५४९५ | सुनर चौधरी | बुधु चौधरी | घरायसी | 1,180,000.00 | 40,901.86 | 1,220,901.86 | श्याम देवी चौधरी | |
| २८ | राजो देवी थरुनी | खडक ५, रंजितपुर | ५५१६ | महन्थी चौधरी | ललकू चौधरी | ब्यापार | 150,000.00 | 10,919.33 | 160,919.33 | | |
| २९ | बर्षा कुमारी | खडक न.पा. ८, बिषणपुर | ५५२० | चन्द् नारायण यादब | नन्द किसोर यादब | कृषि | 750,000.00 | 81,840.00 | 831,840.00 | | भा.ना. |
| ३० | कृष्णा ईटा उधोग(प्रो.प्रमोद कुमार साह, विनोद कुमार चौ | मेनहासहश्रवाहु २, सप्तरी | ५५३० | बैजनाथी साह | गुना लाल साह | ब्यापार | 8,500,000.00 | 331,352.00 | 8,831,352.00 | गुना लाल साह,कोसिल | भा.ना. |
| ३१ | सिताराम ट्रेडर्स (प्रो. ननु चौधरी कलवार) | खडक न.पा. ७, कल्याणपुर | ५५३५ | राम टहल चौधरी | सिताराम चौधरी | ब्यापार | 1,000,000.00 | 14,738.64 | 1,014,738.64 | सिताराम चौधरी | |
| ३२ | कोशिला कुमारी भगत | सुरुङगा न.पा. ५, कुशहा | ५५३६ | राजेन्द्र प्रसाद भगत | बिजय कुमार भगत | कृषि | 300,000.00 | 16,749.39 | 316,749.39 | | |
| ३३ | सेरा खातुन | खडक न.पा. ७, कल्याणपुर | ५५६६ | सुलेमान मिया | उसमान मीया | कृषि | 800,000.00 | 80,447.78 | 880,447.78 | | |
| ३४ | हिरा जेनरल स्टोर(प्रो.रुप नारायण चौधरी) | खोजपुर ८ | ५६१४ | ठेकुलाल चौधरी | मसीलाल चौधरी | ब्यापार | 2,800,000.00 | 123,225.43 | 2,923,225.43 | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | बाबा डिहवार मनि एक्सप्रेस(प्रो. शिव चरण चौधरी) | शम्भुनाथ न.पा. ७, कठौना | ५६२१ | सुनर चौधरी | गुदर चौधरी | ब्यापार | 3,040,000.00 | 70,767.48 | 3,110,767.48 | लेखा देवी | |
| ३६ | मनिष कुमार श्रेष्ठ | खडक न.पा. ७, कल्याणपुर | ५६३१ | गंगा बहादुर श्रेष्ठ | चन्द्र बहादुर श्रेष्ठ | घरायसी | 800,000.00 | 39,391.00 | 839,391.00 | | |
| ३७ | धर्मदेव चौधरी | खडक न.पा. १, पिपरापशिचम | ५६४७ | | कारि चौधरी | घरायसी | 1,000,000.00 | 61,354.00 | 1,061,354.00 | | भा.ना. |
| ३८ | पुर्णी देबी चौधरी कलवार | खडक न.पा. ५, खोजापुर | ५६५६ | अनुपलाल चौधरी | दुखि लाल चौधरीकलवार | सरल कृषि | 800,000.00 | 27,924.68 | 827,924.68 | | |
| ३९ | आदित्य ईलेक्ट्रोनिक्स(प्रो.अनन्दी देवी चौधरी) | खडक न.पा. ८, बिषणपुर | ५६५९ | खसीलाल चौधरी-बाबु | बिशेश्वर चौधरी | ब्यापार | 1,000,000.00 | 63,509.00 | 1,063,509.00 | | भा.ना. |
| ४० | फेको देबी साह | शम्भुनाथ न.पा. १०, रामपुर | ५६६५ | लक्ष्मण साह तेली | सिन्दी लाल साह | सरल कृषि | 350,000.00 | 45,790.35 | 395,790.35 | सिन्दी लाल साह तेली | |
| ४१ | श्रीमति चुलिया देवी थरुनी | सूरुगा न.पा. १,पिप्रा | ५७०० | जितन चौधरी | उचित लाल चौधरी | घरायसी | 1,000,000.00 | 58,791.00 | 1,058,791.00 | | |
| ४२ | पार्वती देवी चौधरी | शम्भुनाथ न.पा.३, नरही | ५७०५ | सोमी चौधरी | महेश प्रसाद चौधर | सरल कृषि | 450,000.00 | 35,925.72 | 485,925.72 | | |
| ४३ | मां गिता ज्वेलर्स (प्रो.विमल कोशिोर गुप्ता) | सुरुङ्गा न.पा. ६, कडरबोना | ५७११ | बिरजु लाल मिझार | प्रथम लाल मिझार | ब्यापार | 700,000.00 | 17,888.43 | 717,888.43 | प्रथम लाल मिझार | |
| ४४ | श्रीमती जालो कुजर्नी | खडक न.पा.३, बनरझुल्ला | ५७६९ | बिलट मिया | मुस्तकीम मिया | सरल कृषि | 1,000,000.00 | 70,896.09 | 1,070,896.09 | | |
| ४५ | जय माताजि जनरल स्टोर(प्रो.जग्गनाथ झा) | सुरुङ्गा न.पा. ३, सप्तरी | ५८०५ | जगधर झा | मुखदेब झा | ब्यापार | 1,500,000.00 | 73,948.22 | 1,573,948.22 | सुमित्रा देवी झा | |
| ४६ | सरस्वती कुमारी ठाकुर | खडक न.पा. ९, मैनाशह्रवाहु | ५८२२ | दिनेश ठाकुर | अजय कुमार ठाकुर | सरल कृषि | 1,000,000.00 | 66,639.00 | 1,066,639.00 | | |
| ४७ | कप्लेश्वर यादब | सुरुङ्गा न.पा. ३, दौलतपुर | ५८३४ | सोमी यादब | कैलु यादब | घरायसी | 1,000,000.00 | 35,030.26 | 1,035,030.26 | ईन्द्रजीत यादब | |
| ४८ | फेमस टेलर्स(प्रो.मो.सौखत अलि) | सुरुङ्गा न.पा. ६, सप्तरी | ५८८५ | ईस्माइल मिया | गोनु राय भाट | ब्यापार | 2,000,000.00 | 61,052.35 | 2,061,052.35 | गोनु राय भाट | |
| ४९ | बिस मिल्लाह जनरल स्टोर(प्रो.सफिर अहम मिया) | खडक न.पा. ५, बनरझरला | ५८९४ | सफिर अहम मिया | सुलेमान मिया | ब्यापार | 2,700,000.00 | 79,562.49 | 2,779,562.49 | बसिरन खातुन | |
| ५० | चौधरी किराना पसल एण्ड जनरल स्टोर (प्रो.दर्गानन्द चौध | सुरुङ्गा न.पा. ७, सप्तरी | ५८९७ | कानन चौधरी थारु | तनुकलाल चौधरी | ब्यापार | 700,000.00 | 27,817.82 | 727,817.82 | तनुकलाल चौधरी | |
| ५१ | मो. ईसुफ मिया | सुरुङ्गा न.पा. ५, कुशहा | ५८९८ | लुचन | मालाबक्स | सरल कृषि | 200,000.00 | 12,283.54 | 212,283.54 | रातो कुमारी मंडल | |
| ५२ | श्याम मंडल | सुरुङ्गा न.पा. ६, कुशहा | ५८९९ | बुधु मंडल | फेकु मंडल | सरल कृषि | 900,000.00 | 89,980.77 | 989,980.77 | | |
| ५३ | समसाद स:मिल(प्रो.इब्राहिम मिया) | सुरुङ्गा न.पा. ५, कुशहा | ५९०० | लालमोइमद मिया | गफुर मिया | ब्यापार | 975,000.00 | 31,571.66 | 1,006,571.66 | | |
| ५४ | जे एण्ड जेड कन्सट्रकसन एण्ड सप्लायर्स प्रा.लि.(प्रो.नजामु | सुरुङ्गा न.पा. ७, सप्तरी | ५९०२ | मिया जान मिया | ईस्लाम मिया | ब्यापार | 2,050,000.00 | 475,585.11 | 2,525,585.11 | लजिना खातुन | |
| ५५ | भोलवी यादबनी | सुरुङ्गा न.पा. ६, पटेर्वा | ५९०६ | बुलकी यादब | धनिराम यादब | घरायसी | 975,000.00 | 53,317.04 | 1,028,317.04 | | |
| ५६ | तेज नारायण किराना पसल एण्ड जनरल स्टोर(प्रो.तेज नार | सुरुङ्गा न.पा. ७, हरिपुर | ५९२१ | हजारी भगत | गुरु चरण भगत | ब्यापार | 1,000,000.00 | 62,113.00 | 1,062,113.00 | | भा.ना. |
| ५७ | चुन चुन चौधरी कलवार | खडक न.पा. ५, खोजापुर | ५९२३ | बिलट चौधरी | तनुकलाल चौधरी कलव | घरायसी | 800,000.00 | 58,177.36 | 858,177.36 | | |
| ५८ | एक्स्ट्रा मोबाईल मर्मत सेन्टर(प्रो.रोहत कुमार चौधरी) | सुरुङ्गा न.पा. २, हर्दिया | ५९३५ | भुलि चौधरी | महन्थी चौधरी | ब्यापार | 890,000.00 | 41,451.63 | 931,451.63 | महन्थी चौधरी | |
| ५९ | साईमन रेडिमेड कपडा पसल(प्रो.पुनिता कुमारी लेखी) | खडक न.पा. ७, कल्याणपुर | ५९४० | बच्चुलाल चौधरी | खेलानन्द लेखी | ब्यापार | 2,000,000.00 | 151,334.00 | 2,151,334.00 | बच्चुलाल चौधरी | भा.ना. |
| ६० | सुचेन्दर सिंह | सुरुङ्गा न.पा. ३, दौलतपुर २ | ५९५७ | पंचि सिंह | हरि नारायण सिंह | सरल कृषि | 650,000.00 | 30,344.23 | 680,344.23 | | |
| ६१ | जेनिथ कृषि तथा पशुपंछी फर्म(प्रो. श्रीमती पुनिता देवी चौ | खडक न.पा. ११,बनौली | ५९८७ | भुलाई चाधरी | महिनारायण चौधरी | ब्यापार | 1,000,000.00 | 40,959.51 | 1,040,959.51 | | |
| ६२ | जय मा काली राईस मिल(प्रो.नथरी देवी यादव) | सुरुङ्गा न.पा. ३, कडरवा | ५९९९ | रासे यादव | बच्चाई यादब | ब्यापार | 850,000.00 | 37,990.81 | 887,990.81 | | |
| ६३ | रुपनी देबी यादब | सुरुङ्गा न.पा. ३, लक्ष्मीपुर | ६००० | दुखि यादब | जनकलाल यादब | सरल कृषि | 800,000.00 | 48,029.53 | 848,029.53 | | |
| ६४ | जय प्रकाश चौधरी | खडक न.पा. ५, खोजपुर | ६००१ | डोमी लाल चौधरी | चतुर नारायण चौधरी | सरल कृषि | 900,000.00 | 32,929.45 | 932,929.45 | | |
| ६५ | चौधरी किराना पसल(प्रो.आशामणी देबी चौधरी) | शम्भुनाथ न.पा. ६, कठौना | ६०४८ | खुसी लाल चौधरी | महिकर प्रसाद चौधरी | ब्यापार | 700,000.00 | 21,845.90 | 721,845.90 | | |
| ६६ | कृतिका जनरल स्टोर(प्रो.कविता कुमारी चौधरी) | सुरुङ्गा न.पा. ३, दौलतपुर | ६०६१ | भरत लाल चौधरी | अरुण कुमार चौधरी | ब्यापार | 300,000.00 | 11,546.35 | 311,546.35 | अरुण कुमार चौधरी | |
| ६७ | मसिलाल चौधरी | सुरुङ्गा न.पा. २, कमलपुर | ६०९३ | रौदि चौधरी | बिलट चौधरी | सरल कृषि | 600,000.00 | 34,491.00 | 634,491.00 | | भा.ना. |
| ६८ | राजकुमार फर्निचर उधोग(प्रो. फुलीदास चौधरी) | सुरुङगा न.पा. ७, पोखरीया | ६१०३ | विलट दास चौधरी | द्रीचन चौधरी | उधोग कर्जा | 4,000,000.00 | 168,780.28 | 4,168,780.28 | | |
| ६९ | बिमला कुमारी चौधरी | सुरुङ्गा न.पा. ४, मधुपटि | ६११३ | युगल प्रसाद चौधरी | बिजय कुमार चौधरी | सरल कृषि | 1,000,000.00 | 26,807.28 | 1,026,807.28 | युगल प्रसाद चौधरी | |
| ७० | जि.दास हार्डवेयर(प्रो.ईन्द्र भुषण दास) | सुरुङ्गा न.पा. ४, कनकपुर | ६१२२ | रामजी दास | गोबर्धन दास | ब्यापार | 1,500,000.00 | 155,833.74 | 1,655,833.74 | कमला दास | |
| ७१ | कविता किराना एण्ड जनरल स्टोर(प्रो.कबिता कुमारी चौधरी | लहान न.पा. १०,गोठटोल,सिरह | ६१२७ | कन्त चौधरी | राज कुमार चौधरी | ब्यापार | 1,000,000.00 | 30,550.21 | 1,030,550.21 | राज कुमार चौधरी | |
| ७२ | सुजल पोल्ट्री फर्म(प्रो.जितेन्द्र कुमार साह) | शम्भुनाथ न.पा. ४, सप्तरी | ५७६८A | भोला प्रसाद साह | जगदिश प्रसाद साह | सरल कृषि | 1,350,000.00 | 46,190.69 | 1,396,190.69 | जगदिश प्रसाद साह | |
| ७३ | सनराईज मनी एक्सपेस(प्रो.अशोक कुमार श्रेष्ठ) | कल्याणपुर ३,सप्तरी | ४०३५ | गंगा बहादुर श्रेष्ठ | चन्द्र बहादुर श्रेष्ठ | ब्यापार | | 966,553.51 | 966,553.51 | चन्द्र बहादुर श्रेष्ठ | जमानत जफत |

कृषि विकास बैंक लि.
शाखा कार्यालय, कल्याणपुर, सप्तरी

# रामराजा प्रतिष्ठान निर्माणका लागी दवावमूलक प्रर्दशन

**दैनिक समाचारदाता**
**राजविराज १, कात्तिक ।**

रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्य सूरु नभएपछि आक्रोशित स्थानीयवासीले सुरु गरेको रिले अनशनप्रति एक्यवद्धता जनाउने क्रम बढ्दै गएको छ ।

मंगलबार जनमत पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका यसै क्षेत्रबाट प्रतिनिधीसभाका सदस्यमा निर्वाचित डा. सिके राउत तथा मधेश प्रदेशका शिक्षा मन्त्रि महेश प्रसाद यादव सहितको टोली अनशन स्थलमा पुगी अनशनकारीलाई भेटेर माँग पुरा गराउन आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

यस्तै बुधवार अनशनप्रति एक्यबद्धता जनाउदै थप समाजिक संघ संस्था प्रर्दशनमा उत्रेका छन । क्रिएटिभ यूवा समूह तथा सप्तरी युथ नेपालको अगुवाईमा सदरमुकाम राजविराजमा अनशनकारीहरुप्रति एक्यबद्धता जनाउदै प्रर्दशन गरिएको हो ।

अलपत्र परेको प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सूरु गर्नुपर्ने, आवश्यक बजेटको ब्यवस्था गर्नुपर्ने, प्रतिष्ठानको रिक्त रहेको पदहरु पुर्ती गर्नुपर्ने लगायतका ५ बुंदे माग राखी स्थानीयद्वारा प्रतिष्ठानको प्रस्तावित निर्माण स्थल मै विगत ६ दिन देखि अनिश्चितकालिन रिले अनशन चलिरहेको छ ।

रामराजा प्रसाद सिह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम हाल सम्म अघि बढ्न नसकेको भन्दै आक्रोशित बनेका स्थानीयवासीले गत शुक्रवारदेखी थालेको अनिश्चितकालिन रिले अनशनलाई बुधवार पनि निरन्तरता दिएका छन् ।




संर्घष समितीका संयोजक राम कुमार दासको नेतृत्वमा छेठौं दिन बुधवार पनि २४ घण्टे रिले अनशनलाई निरन्तरता दिइएको हो ।

पाँच वर्ष भित्रै निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गरिसक्ने भनिए पनि सरकारले शिलान्यास गरेको २ वर्ष नाघि सक्दा पनि निर्माण नै सुरु नगर्दा स्थानीय आन्दोलित भएका हुन् ।

प्रतिष्ठान निर्माणस्थलमा बोर्ड राख्ने, जग्गा तारजालीले घेरबार गर्ने र डिपिआर निर्माण गर्ने बाहेक अरु केही काम भएको छैन । प्रतिनिधी र प्रदेशसभा निर्वाचनमा चुनावी मुदा बनेको प्रतिष्ठान यतिबेला अलपत्र अवस्थामा रहेको र कसैले चासो नदेखाएपछी आन्दोलनमा उत्रिनु परेको संर्घष समितीका संयोजक दासको भनाई छ ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागी २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।

प्रतिष्ठानको गजेन्द्र नारायण सिंह अस्पतालको एउटा कोठा लिएर संचालनमा ल्याइएको पुर्वाधार तयारी विकास समितीको कार्यालय अहिले बोर्डमा मात्र सिमित भएको छ । समितीका अध्यक्ष डा.रोहित पोखरेल प्रदेश सभाको निर्वाचनमा उम्मेदवार बनेपछी अर्को अध्यक्ष नियुक्त गरिएको छैन ।

गजेन्द्र नारायण सिंह अस्पतालका तत्कालिन मेडिकल सुपरिटेण्डेण्ट एवं प्रतिष्ठानका कार्यकारी निर्देशन डा.रञ्जित कुमार झा सरुवा भएर अन्यत्र गएपछि १ वर्ष यता कार्यकारी निर्देशकको पद समेत रिक्त छ । यस्तै प्रष्ठिानमा कार्यरत ३ जना कर्मचारीको करार म्याद सकिएपछी प्रतिष्ठान कर्मचारी विहीन बनेको छ ।

पदाधिकारी विहीन समितिको कार्यालयमा लाखौं रुपैया खर्चेर खरिद गरिएका समान थन्किएका छन् । प्रतिष्ठानको पुर्वाधार तयारी विकास समिती कार्यालयको लागि आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म १६ करोड १० लाख रुपैया बजेट विनियोजन भएको छ । जस मध्ये ३ करोड १६ लाख ४७ हजार खर्च भएको छ भने १२ करोड ९३ लाख ५२ हजार रुपैया खर्च हुन नसकेर फिर्ता भएको बताइएको छ । कुल ११ अर्ब ९८ करोड रुँपैयाको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न हुने भनिएको थियो ।

## चुरे जोगाउन...

बिराजीलगायतले पनि अभिनन्दीत व्यक्तित्व मण्डलको योगदान बारे प्रकाश पारेका थिए ।

नागरिक समाजका अध्यक्ष यादवको सम्पादनमा वरिष्ठ राजनीतिकर्मी खुशिलाल मण्डलको व्यक्तित्व बारे लेखिएको "कर्मविर योद्धा खुशीलाल मण्डल अभिनन्दन ग्रन्थ" पुस्तकको समेत बिमोचन गरिएको थियो ।

## "विटौरी" जग्गाको ...

पोखरीहरुको सौन्दर्यकरण, राजरंगशालाको स्तोरन्नती, वसपार्कको यथासिघ्र संचालन, नगर क्षेत्रका सम्पुर्ण अतिक्रमित जग्गा खाली गराउने, कृषि विश्वविद्यालय भवन निर्माण, फोहर व्यवस्थापन गर्न प्रशोधन केन्द्रको निर्माण, नगर क्षेत्रको १६ वटै वडामा खेतीयोग्य जग्गाका लागी पकेट क्षेत्रको निर्माण, सीसीटिभी र निःशुल्क वाईफाई जोनका लागी आवश्यक उपकरण जडान लगायतका कार्यक्रम निति तथा कार्यक्रममा समेटिएको छ ।

यसैगरी नगरमा घुम्ती शौचालय सेवा संचालन, वातावरण मैत्री बनाउन सडकको दायाँ बायाँ वृक्षारोपण,शित भण्डारको संचालन, फोहरमैला व्यवस्थापनका लागी सरसफाई मेशिन खरिद, मेडिकल र इन्जीनियरीङ्ग अध्यनका लागी गरिब तथा जेहेन्दार २ जना विद्यार्थीलाई प्रत्येक वर्ष छात्रवुत्ति, सामुदायीक विद्यालयका छात्रालाई निःशूल्क सेनेटरी प्याड तथा बालविवाह र दाईजो प्रथा मुक्त घोषणा हुने वडाहरुलाई क्रमिक रुपमा उच्च सम्मान र पुरस्कृत गर्ने लगायतका योजना पनि नीति तथा कार्यक्रममा समेटिएको छ ।

## प्रदर्शनकारीले ...

हातपात गर्दै एम्बुलेन्स नै तोडफोड गर्न थालेपछि बीच बाटो बाटै फर्किन बाध्य भएको बताए ।

उनले सय डेढसयको संख्यामा रहेका प्रदर्शनकारीले बाटो नै जाम गरिदिएको र कुनै पनि हालतमा जान नदिने अडान राख्दै आक्रमणमा उत्रेपछि आफू फर्किन बाधय भएको सुनाए ।

डाक्नेश्वरी नगरपालिकाका नगर प्रमुख रामलखन मुखियाले प्रदर्शनकारीहरु अराजक तथा अमानविय शैलीमा प्रस्तुत हुँदा समयमै उपचार नपाई एक बालकको ज्यान गएको बताए । उनले नगरकै एक पोखरी ठेक्का सम्बन्धी विवादमा एक पक्षले अराजकता मच्याउँदै नगरपालिकाको कार्यालय भवनमा समेत ढुंगामुढा गरेको बताए ।

मृत्यु भएका बालकको शव स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यता प्रदर्शनकारीले एम्बुलेन्सलाई समेत रोकेर गम्भिर अपराध गरेको भन्दै स्थानीयले प्रदर्शनकारीको पहिचान गरि कडा कारवाहीको माग गरेका छन् ।

## पत्रकार साहमाथी ...

अमरेन्द्र यादव र अनिल यादवले हातपात गरेको जनाइएको छ ।

प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको बताउने राजनीतिक दलकै कार्यकर्ताबाट पत्रकार असुरक्षित हुनु दुःखद भएको उल्लेख गर्दै विज्ञप्तिमा रिपोर्टिङ गर्न गएका पत्रकारमाथि हातपात गरिएको घट्नाको हामी घोर भत्सर्ना समेत गरिएको छ ।

विज्ञप्तिमा घट्नाले प्रेस स्वतन्त्रताको खिल्ली उडाएको ठहर गर्दै पत्रकार साहमाथि हातपात गर्ने दुबैलाई कानुन बमोजिम कार्वाही गर्न सम्बन्धित निकायसँग माग गरिएको छ । कार्वाही नगरिए आन्दोलनमा उत्रने विज्ञप्तिमार्फत जानकारी गराइएको छ ।

चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं,
- स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाऱ्हो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विश्व समाचार

# गाजामा भएको घातक हमलाप्रति आक्रोश र निन्दा व्यक्त

पेरिस, १ कात्तिक (रासस/एएफपी) ।

गाजाको एक अस्पतालमा भएको हमलामा कम्तीमा दुई सय जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन् । उक्त हमलाप्रति विश्वभर आक्रोश र निन्दा व्यक्त गरिएको छ भने अम्मान, ट्युनिस, बेरुत र तेहरानमा विरोध प्रदर्शनसमेत भएको छ । उक्त क्षेत्रमा शासन गर्दै आएको प्यालेस्टिनी लडाकू समूह हमासले इजराइलले उक्त हमला गरेको आरोप लगाएको छ । इजराइली सेनाले हमासको आरोपलाई 'झुट' भन्दै हमासको सहयोगी इस्लामिक जिहादले गलत रकेट आक्रमण गरेको आरोप लगाएको छ । उक्त हमलाप्रति यहाँ केही प्रमुख प्रतिक्रिया छन् :**संयुक्त राष्ट्रसङ्घ :** संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेर्रेसले गाजाको अस्पतालमा सयौं प्यालेस्टिनी नागरिक मारिने गरी भएको हमलाबाट आफू भयभीत भएको बताउनुभयो । उहाँले हमलाप्रति कसैलाई आक्षेप नलगाई हमलाको कडा भर्त्सना गर्नुभयो ।**अमेरिका :** अमेरिकी राष्ट्रपति जो बाइडेनले विस्फोटबाट आफू आक्रोशित र अत्यन्त दुःखी भएको भन्दै विस्फोटबाट जीवनको भयानक क्षति भएको बताउनुभयो । उहाँले उक्त खबर सुन्नेबित्तिकै आफूले तुरुन्तै इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहु र जोर्डनका राजा अब्दुल्लाह द्वितीयसँग कुराकानी गरेको जानकारी दिनुभयो । **इजिप्ट :** राष्ट्रपति अब्देल फताह अल-सिसीले अहली अस्पतालमा इजराइली बमबारीको कडा शब्दमा भर्त्सना गर्नुभयो । उक्त हमलाबाट गाजामा प्यालेस्टिनी नागरिकमध्ये सयौं निर्दोषको मृत्यु भएको उहाँले बताउनुभयो । उहाँले नियोजितरूपमा भएको बमबारीलाई अन्तर्राष्ट्रिय कानूनको स्पष्ट उल्लङ्घन हो भन्नुभयो । **साउदी अरेबिया :** क्षेत्रीय शक्ति साउदी अरेबियाले नागरिकहरूमाथि इजराइलको निरन्तर हमलाको निन्दा गरेको छ । उसले अस्पतालमा भएको हमलालाई सबै अन्तर्राष्ट्रिय कानून र मान्यताहरूको स्पष्ट उल्लङ्घन हो भनेको छ **।जोर्डन :** जोर्डनको विदेश मन्त्रालयको एक विज्ञप्तिमा इजराइलले उक्त हमलाको जिम्मेवारी लिनुपर्ने भन्दै हमलाको कडा निन्दा गरेको छ । त्यसपछि अम्मानले मध्यपूर्वमा शान्ति स्थापना गर्न अमेरिकी राष्ट्रपति बाइडेन सहभागी हुने एक शिखर सम्मेलन रद्द गर्ने घोषणा गर्‍यो र त्यसको जवाफमा बाइडेनले अम्मानको भ्रमण स्थगित गर्नुभयो । अम्मानस्थित इजराइली दूतावासमा दर्जनौं प्रदर्शनकारीले हमला गर्ने असफल प्रयास गरेका थिए ।**युरोपेली युनियन :**युरोपेली युनियनको विदेशमामिला प्रमुख जोसेप बोरेलले खेद प्रकट गर्दै एकपटक पुनः निर्दोष नागरिकले उच्च मूल्य चुकाउनुपरेको बताउनुभयो । "यो अपराधको जिम्मेबारी स्पष्टरूपमा स्थापित गर्नुपछ र अपराधीहरूलाई जवाफदेही बनाउनुपर्छ", उहाँले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ ।**इरान :** इरानका राष्ट्रपति इब्राहिम रइसीले बुधबार सार्वजनिक शोक दिवस घोषणा गर्नुभयो । उहाँले अस्पतालमा भएको हमलाको बदला इजराइल र उसको सहयोगी अमेरिकाविरुद्ध हुने बताउनुभयो । "गाजाका अस्पतालमा घाइते प्यालेस्टिनी पीडितहरूमाथि बुधबार साँझ खसाइएको अमेरिकी-इजराइली बमहरूको ज्वालामा चाँडै नै यहुदीहरू जल्नेछन्", राष्ट्रपति रइसीको भनाइ उद्धृत गर्दै इर्ना समाचार समितिले भनेको छ । राति नै तेहरानस्थित बेलायती र फ्रान्सेली दूतावासबाहिर सयौं प्रदर्शनकारी जम्मा भएका थिए । आफ्नो आक्रोश पोख्न मध्य तेहरानको प्यालेस्टाइन स्क्वायरमा हजारौं जनता भेला भएका थिए ।**इराक :** इराकका प्रधानमन्त्री मोहम्मद सिया अल-सुडानीले एक विज्ञप्तिमा 'आक्रामण' अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट 'तत्काल समाधान' का लागि आह्वान गर्नुभयो । इराकी सरकारले हमलाका पीडितहरूका लागि तीन दिनको शोकको घोषणा गरेको छ । **टर्कीए :** टर्कीएका राष्ट्रपति रेसेप तय्यप एर्दोगानले घटनाप्रति खेद व्यक्त गर्दै सबैभन्दा आधारभूत मानवीय मूल्यहीन इजराइली आक्रमणको पछिल्लो उदाहरण हो भन्नुभयो । सामाजिक सञ्जाल एक्समा उहाँले लेख्नुभएको छ, "गाजामा यो नृशंस कार्यलाई रोक्न म सबै मानवतालाई आमन्त्रित गर्दछु ।"**फ्रान्स :** फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोनले अस्पतालमा घातक हमला गरेर कुनै पनि कुराले सर्वसाधारणलाई निशाना बनाउनुको औचित्य स्थापित गर्न नसक्ने बताउनुभयो । "गाजापट्टीमा मानवीय पहुँच खोल्न ढिलो गर्न हुन्न", उहाँले भन्नुभयो । **हेजबोल्लाह :** इरान समर्थित लेबनानको हेजबोल्लाह मुभमेन्टले मङ्गलबार गाजापट्टीको अस्पतालमा भएको हमलाको निन्दा गर्न 'क्रोध दिवस'का रूपमा आह्वान गरेको छ । उसले उक्त हमलालाई 'नरसंहार' भन्दै हमलाका लागि इजराइललाई दोषी ठहर गरेको छ । "बुधबार शत्रुका विरुद्ध क्रोध दिवस हो", हमासको सहयोगी हेजबोल्लाहले विज्ञप्तिमा भनेको छ, । उसले हमलालाई नरसंहार र क्रुर अपराधको संज्ञा दिएको छ । बेरुतको उपनगर अवकरस्थित अमेरिकी दूतावासबाहिर सयौं प्रदर्शनकारी र लेबनानी सुरक्षा फौजबीच झडप भएपछि हेजबोल्लाहको उक्त भनाइ आएको हो । प्रदर्शनकारीहरूले 'इजराइल मूर्दाबाद' र 'अमेरिका मूर्दाबाद' भन्ने नारा लगाएका थिए ।**अरब लिग :** अरब लिगका प्रमुख अहमद अबुल गेटले पश्चिमा मुलुकहरूले यो त्रासदीलाई तुरुन्तै रोक्नुपर्ने बताउनुभयो । "हाम्रो अरब संयन्त्रले युद्ध अपराधको दस्तावेजीकरण गर्छ र तिनीहरूका अपराधी न्यायबाट उम्किन सक्तैनन्", उहाँले चेतावनी दिँदै भन्नुभयो ।**अफ्रिकी युनियन :** अफ्रिकी युयिननका प्रमुख मुसा फाकी महामतले घातक हमलापछि इजराइलमाथि 'युद्ध अपराध' को आरोप लगाउनुभयो । "सयौं मानिस मारिने गरी बुधबार गाजाको अस्पतालमा भएको इजराइली बम हमलाप्रति खेद प्रकट गर्न हामीसँग पूरारूपमा शब्द नै छैन", इजराइलमाथि अन्तर्राष्ट्रिय कारबाहीको माग गर्दै उहाँले भन्नुभयो **कतार :** कतारको विदेश मन्त्रालयले हमलालाई 'क्रुर नरसंहार' र "रक्षाहीन सर्वसाधारणविरुद्ध जघन्य अपराध" भनेको छ । एक विज्ञप्तिमा कतारले अहली अरब अस्पतालमा भएको हमलालाई "अन्तर्राष्ट्रिय कानूनका प्रावधानहरूको गम्भीर उल्लङ्घन" र "भिडन्तका क्रममा भयानक वृद्धि" भनेको छ ।**ट्युनिसिया :** मङ्गलबार ट्युनिसियाको राजधानीस्थित फ्रान्सेली दूतावासबाहिर सयौं क्रुद्ध प्रदर्शनकारी भेला भएका थिए । उनीहरूले अस्पतालमा भएको हमलाप्रति अमेरिकाको निन्दा पनि गरेका थिए । 'फ्रान्सेली र अमेरिकीहरू यहुदीका सहयोगी हुन्' भन्दै प्रदर्शनकारीले नारा लगाएको थिए । प्रदर्शनकारीहरूले दुवै देशका राजदूतहरूलाई फिर्ता गर्न माग गर्दै ट्युनिसियाली भूमिमा अमेरिकी दूतावास हुनुहुन्न भन्ने नारा लगाएका थिए ।**विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) :** विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले घातक हमलाप्रति खेद प्रकट गर्दै गाजापट्टीमा नागरिक र स्वास्थ्य सेवाको तत्काल सुरक्षाको माग गरेको छ । "अल अहली अरब अस्पतालमा भएको आक्रमणको डब्लुएचओले कडा भर्त्सना गर्दछ", डब्लुएचओले एक विज्ञप्तिमा भनेको छ, "अस्पताल चलिरहेको थियो, त्यहाँ बिरामी, बिरामीका हेरालु र आन्तरिकरूपमा विस्थापित मानिसहरूले आश्रय लिइरहेका थिए, प्रारम्भिक रिपोर्टले सयौंको मृत्यु भएको र घाइते भएको सङ्केत गर्दछ ।"

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*